# नेपाली कांग्रेस

## राष्ट्रिय भेला-२०८३ साउन २९-३१ काठमाण्डौ

**मुलूकको समसामयिक विषयको प्रसताव तयारी समिति संयोजक श्री एन.पी.साउदद्वारा प्रस्तुत**
**मूलुकको सम-सामयिक विषयको प्रस्ताव**

**राष्ट्रिय भेलाका सभापतिज्यू, प्रमुख अतिथीज्यू**
**केन्द्रीय समितिका साथीहरु, महाधिवेशन प्रतिनिधिज्यूहरु तथा आदरणीय सहभागि साथीहरू, जयनेपाल ।**

**प्रस्तावना: जटिल मोडमा लोकतन्त्र र कांग्रेस**

यतिखेर संविधान, लोकतन्त्र, नेपाली कांग्रेस र संसदीय व्यवस्था जटिल मोडमा छ । नेपाली कांग्रेसको राजनीतिक अस्तित्व र ऐतिहासिक पहिचान लोकतन्त्रसँग जोडिएको छ । लोकतन्त्रका निम्ति कांग्रेसले आठ दशक देखि निरन्तर संघर्ष गर्दै आएको छ । लोकतन्त्रको विकल्प कुनै निरंकुश, अधिनायकवादी वा गैरसंवैधानिक व्यवस्था हुन सक्दैन भन्ने नेपाली कांग्रेसको मुल मान्यता हो, नेपाली कांग्रेसलाई लोकतान्त्रिक, संस्थागत र जनउत्तरदायी पार्टीका रूपमा पुनर्निर्माण गर्नु नेपालको लोकतान्त्रिक भविष्यलाई वलियो बनाउनु हो । कसैलाई पराजित गर्ने कांग्रेस होइन; जनताको विश्वास पुन: जित्ने कांग्रेस मुलुकलाई चाहिएको हो । आजको आवश्यकता केवल नेतृत्व परिवर्तन मात्र होइन; राजनीतिक संस्कार परिवर्तन हो । नेपाली कांग्रेसलाई बचाउनु भनेको कुनै व्यक्ति, समूह वा पद बचाउनु होइन ।

**प्रतिनिधिसभा निर्वाचनपछिको कांग्रेस**

२०७९ सालको स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा तीनै तहमा कांग्रेस ठूलो पार्टी थियो । केन्द्रमा स्पष्ट वहुमत नहुँदा कांग्रेसले सरकारको नेतृत्व गर्न पाएन । २०७९ पछि कांग्रेस प्रतिपक्षमा पुग्यो । तर तत्पश्चात कहिले माओवादीसँग त कहिले एमालेसँग मिलेर सरकार बनाउन बाध्य भयो । कांग्रेस र एमाले दुई ठूला पार्टीको सरकार बनेसँगै संसद्मा प्रतिपक्ष कमजोर हुन पुग्यो । ती सत्ता गठवन्धन परिस्थितिको वाध्यता थिए जसले मूलुकमा स्थिरता दिन सकेन ।



Scanned with CamScanner

जेनजी प्रदर्शन पछि लोकतन्त्र धर्मराउँदै गर्दा बाह्य र भित्रि प्रहार रोक्न र कांग्रेसको आन्तरिक एकता कायम राख्न हामी असफल भयौं । २०८२ फागुन २१ को संसदीय निर्वाचनमा अत्यन्त नाटकीय परिणाम आयो । पार्टी गठन गरी चार वर्ष पनि पूरा नगरेको दललाई नागरिकले दुईतिहाइ नजिकको बहुमत दिए ।

असी वर्षको संघर्षमय इतिहास बोकेको नेपाली कांग्रेस दरिलो प्रतिपक्षी दल समेत बन्न सकेन । नेपाली कांग्रेसले २०७९ को संसदीय निर्वाचनमा ८९ सिट प्राप्त गरेको थियो । २०८२ फागुन २१ को निर्वाचनमा ३८ सिट कायम भएसँगै ऐतिहासिक तवरमै नेपाली कांग्रेस कमजोर पार्टी बनेको छ । त्यस्तो परिणाम कसरी आयो ? कसले जिम्मेवारी लिनुपर्ने हो ?' त्यसमा पार्टीभित्र निर्मम समीक्षा गरिनुपर्थ्यो ।

आत्मसमीक्षा भनेको पराजयको दोष कुनै एक व्यक्ति, गुट वा परिस्थितिलाई दिनु मात्र होइन, बरु 'हामी कहाँ चुक्यौं ?' भन्ने प्रश्नको इमानदार उत्तर खोज्नु हो । यदि कांग्रेसले गत संसदीय निर्वाचनबाट शिक्षा लिन सकेन भने आगामी राजनीतिक यात्रा अझ्झ कठिन हुन सक्छ । निर्वाचन परिणामपछि हारको निर्मम समीक्षा गर्नुको साटो एक पक्षलाई किनारा लगाउने जुन अभ्यास देखापरेको छ, त्यसले कांग्रेसलाई झन् कमजोर तुल्याउनेछ ।

**जेनजी प्रदर्शन र यसको बहुआयामिक समीक्षा**

सामाजिक सञ्जालको वढ्दो प्रभाव, अल्गारिदम्को माध्यमवाट क्रमशः वढ्दै गएको लोकप्रीयतावाद र त्यसैको आधारमा राज्य संयन्त्रमा भ्रष्टाचार भएको, कुशासन मौलाउँदै सुशासनको अभाव खट्किएको र जनस्तरमा व्यापक असन्तुष्ठी वढ्दै गएको भन्ने भाष्य निर्माण गरि स्थापित लोकतान्त्रिक दलहरु माथि प्रहार भईरहयो । संगसगै राज्यले नागरिकका पिर मर्का वुझी समस्या सम्वोधन गर्न नसक्दा सुशासनको अभाव र सरकारको जवाफदेहितामाथि उठ्दै गरेका प्रश्नहरू स्वभाविक र जायज थिए ।

अझ सरकारले नियमन गर्न फेसबुक, टिकटक, ह्वाट्सएप, एक्स (ट्विटर), इन्स्टाग्राम, युट्युव गरी २६ वटा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई अनिवार्यरुपमा सुचिकृत गर्न आग्रह गर्नु र नगर्दा वन्द गराउँनुलाई नागरिकहरूको अभिव्यक्तिको स्वतन्त्रता कुण्ठित भएको महसुस गरे ।

एमालेको नेतृत्वको सरकारमा कांग्रेस गठबन्धनमा थियो । कांग्रेसले युवा पुस्ताको आक्रोश बुझेर सामाजिक सञ्जालमाथि प्रतिबन्ध हटाउन सुझाएको थियो । कांग्रेस सधैं



Scanned with CamScanner

वाक स्वतन्त्रताको पक्षपाती भएको हुँदा विस्फोटको अवस्था आउनुपूर्व पार्टी सभापति शेरबहादुर देउवाले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सूचीकृत नभएका सामाजिक सञ्जाल संचालनमाथि लगाएको प्रतिबन्ध फिर्ता लिनुपर्छ भनी सुझाव दिनुभएको हो ।तर, युवाहरूको शान्तिपूर्ण जुलुसमा आकस्मिक शैलीमा घुसपैठ गरी अराजकतामा परिणत गरेको तथ्य राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले सार्वजनिक गरिसकेको छ ।

जेनजी आन्दोलनका बेला नेपाली कांग्रेसको केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कार्यालयमा नियोजित तवरमै आगजनी गराइयो । त्यसरी आगजनी हुँदा कांग्रेसका ऐतिहासिक दस्तावेजहरू पनि जल्न पुगे । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित १ सय २५ जना नेता तथा साथीहरूको घरमा आगजनी, तोडफोड र लुटपाट गरियो । पार्टी सभापति देउवा र उहाँको धर्मपत्नी केन्द्रीय सदस्य एवं परराष्ट्रमन्त्री डा.आरजु देववामाथि साघांतिक आक्रामण गरियो ।

त्यतिमात्र होइन, जहानियाँ राणा र पञ्चायती व्यवस्था अन्त्यका निम्ति संघर्षका खाका कोर्ने विराटनगरको कोइराला निवासमा, निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध २०४६ सालमा आन्दोलनको बिगुल फुकिएको गणेशमान सिंहको चाक्सीबारी निवास र कांग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराई, जसले आजीवन लोकतन्त्रका निम्ति जीवन अर्पेका थिए, उहाँको ललितपुर बाँडेगाउँ आश्रमसमेत जलाएर खरानी बनाए । कांग्रेस कार्यालय र नेताहरूलाई त्यसरी निसानामा पार्नुमा प्रतिक्रियावादी तथा लोकतन्त्रविरोधीहरूको जत्थाको हात भएको यथार्थ छर्लङ्ग छ । तिनले कांग्रेसलाई सिध्याउन कुनै कसर बाँकी राख्ने छैनन् भन्ने तमाम कांग्रेसजनले बुझ्नुपर्छ ।

नेतृत्वविहीन अराजक शैलीमा राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालत तथा मातहतका अदालत, सिंहदरबारसहित मन्त्रालयहरू, प्रदेश सरकारका कार्यालयहरू र प्रहरी कार्यालयहरूमा आगजनी गरियो । नागरिकलाई अति आवश्यक सेवा प्रदान गर्ने मालपोत, स्थानीय पालिका र वडा कार्यालयसमेत आगजनीमा परे । दुईदिने आन्दोलनमा ८२ अर्ब रुपैयाँभन्दा बढीको भौतिक क्षति भएको सरकारी अध्ययनले देखाएको छ । सँगै हाम्रा ऐतिहासिक दस्तावेज र धरोहर समाप्त पारिए ।

जेन-जी पुस्ताले उठाएका सुशासन, भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता, रोजगारी र नागरिक स्वतन्त्रताका प्रश्नहरू लोकतान्त्रिक बहसका जायज विषय हुन् । तर, सार्वजनिक तथा निजी सम्पत्तिको आगजनी, तोडफोड, राष्ट्रिय सम्पदा र राज्यका



Scanned with CamScanner

महत्त्वपूर्ण संरचनाको विनाश तथा हिंसात्मक गतिविधिलाई लोकतान्त्रिक आन्दोलनको जायज माध्यमका रूपमा स्वीकार गर्न सकिँदैन ।

विशेषतः भदौ २४ गते भएका विध्वंसकारी घटनाहरूका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय अनुसन्धान आवश्यक छ । आन्दोलनमा घुसपैठ भएको थियो वा थिएन, हिंसा कसरी फैलियो, त्यसका पछाडि कुन-कुन तत्व सक्रिय थिए र राज्यको प्रतिक्रिया कति उपयुक्त थियो भन्ने प्रश्नहरूको निश्पक्ष र तथ्यपरक छानबिन अझै हुन सकेको छैन । हुनुपर्छ भन्ने मान्यता नेपाली कांग्रेस राख्छ ।
राजनीतिक दलहरूप्रतिको युवा आक्रोशविरुद्ध सडकदेखि सामाजिक सञ्जालसम्म संगठित 'जेनजी प्रदर्शनका चरित्र र सीमाभित्र गम्भीर विरोधाभासहरू लुकेका छन् । यो आन्दोलन मुख्य रूपमा 'बाइनरी' (सही वा गलतको कित्ताकाट) र 'इन्स्ट्यान्ट आउटरेज' ( तत्कालको आक्रोश) मा आधारित देखिन्छ, जहाँ गहन नीतिगत बहस वा ऐतिहासिक राजनीतिक चेतनाको चरम अभाव देखिन्छ ।

जेनजी प्रदर्शनको सवैभन्दा ठूलो जोखिम के हो भने यसले स्थापित लोकतान्त्रिक संस्था, प्रक्रिया र विधिको शासनलाई 'समग्रतामा असफल' घोषणा गरिदिने उग्र अराजकतावादी वा लोकरिझ्याइँ प्रवृत्तिको प्रवर्धन गरिरहेको छ । परिणामतः विकल्प के त भन्ने स्पष्ट मार्गचित्र र वैचारिक धरातल बिना नै केवल संवेग र नाराका भरमा समाजलाई ध्रुवीकृत गर्दा, यसले दीर्घकालीन सुधारभन्दा पनि नयाँ किसिमको सामाजिक र राजनीतिक अस्थिरतालाई जन्म दिने खतरा बढाएको छ ।

**असंबैधानिक सुशीला कार्की सरकार**

जेनजी प्रदर्शनकै पृष्ठभूमिमा पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा ताजा जनादेशका निम्ति धारा संविधानको धारा ६१(४) अनुसार चुनावी सरकार गठन गरियो । जुन संविधानको दायरा भन्दा बाहिरवाट थियो । संविधानतः प्रधानमन्त्री नियुक्त गर्न नेपालको संविधान, २०७२ मा धारा ७६ को व्यवस्था छ । संविधानको धारा ६१(४) मा "संविधानको पालन र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ" भन्ने कुरा उल्लेख छ । संविधानका धारा बाहिरको सरकार बनाउँदै गर्दा संविधानसभाबाट निर्मित संविधानमाथि प्रहार भएको छ । राष्ट्रपति स्वयंले भनेझैं त्यो 'जुक्ति'मा निर्मित सरकार थियो, संविधानमा आधारित होइन । प्रतिनिधिसभा विघटन नगरी संविधानकै धारा ७६ का प्रावधानवाट नयाँ सरकार खोज्ने प्रयत्न नगरिनु दुर्भाग्य थियो । सर्वोच्च अदालतले पटक-पटक प्रतिनिधिसभावाट अर्को सरकार बन्ने अवस्था रहँदासम्म विघटन नगर्न 'परमादेश' जारी गरेको पृष्ठभूमि थियो । तर, रातारात प्रतिनिधिसभा विघटन गर्दै



Scanned with CamScanner

मुलुकलाई मध्यावधि चुनावमा होमियो । यद्यपि सुशीला कार्कीको सरकारले सफलतापूर्वक निर्वाचन गराउँदै फरक बाटोमा मुलुकलाई प्रवेश गराएको छ ।

**सरकार एकांगी यात्रामा**

आदरणीय साथीहरू,

आमनिर्वाचनमा झन्डै दुईतिहाइको बहुमत ल्याएर २०८२ चैत १३ गते गठित बालेन्द्र शाह सरकार अन्योल-अलमलमै देखिन्छ । प्रारम्भिकका क्रियाकलाप हेर्ने हो भने सरकारको कार्यशैलीमा पारदर्शी र जवाफदेहीपन खट्किएको छ ।

प्रधानमन्त्री शाहले संसद् र राजनीतिक दलहरूसँग सहकार्य गरेर अघि बढ्न चाहेका छैनन् । प्रधानमन्त्री विपक्षी दल त परै जाओस्, आफ्नै संसदीय दलसँगसमेत परामर्श गर्न चाहेका छैनन् । प्रधानमन्त्रीको एक्लै हिँड्ने शैली र सामाजिक सञ्जालको जगमा चल्ने 'पपुलिजम' (लोकरिझ्याइँ) का कारण सरकारको संसद् र दल दुवैसँग दूरी बढ्दो छ । संसद्को अधिवेशन आह्वान भइसकेपछि त्यसलाई स्थगित गरी आठवटा अध्यादेश जारी गरिनु भनेको लोकतान्त्रीक पद्धतिको अनुकुल होइन ।

सरकारी सेवाग्राहीका लागि सतही र प्रशासनिक सुधार गर्न खोजिएको थियो । तर, ती पनि स्थायी भएनन् । यतिखेर फेरि सरकारी कार्यालयमा चारैतिर नागरिकलाई सास्ती दिने गरी लाइन बस्नुपर्ने बाध्यता सिर्जना भएको छ । घर-जग्गा तथा आवासविहीन सुकुम्वासीहरूका निम्ति पूर्वतयारीबिगर अमानवीय तरिकाले हटाइयो । तिनलाई हटाएको साढे तीन महिना पुगिसक्दा पनि तिनको व्यवस्थापन हुन सकेको छैन । यसबीचमा सुकुम्वासी परिवारका सदस्यले ज्यानसमेत गुमाउन बाध्य भए । सरकारको 'असहिष्णु' चरित्रकै कारण मधेश-तराईमा तीन जनाको ज्यान जानेगरी संदियौंदेखि कायम रहेको सामाजीक सौहार्दता विग्रीएको कुराले सबैको गम्भिर ध्यानाकर्षण गरेको छ ।

कानुनको शासनभित्र निजी क्षेत्रलाई लगानी, उत्पादन र रोजगारी सिर्जनाको साझेदारका रूपमा विकास गर्नुपर्छ । अपराधमा शून्य सहनशीलता कायम गर्दै अनुसन्धानलाई प्रमाणमा आधारित, पारदर्शी र निष्पक्ष बनाउने तथा लगानीको सुरक्षा सुनिश्चित गर्ने नीति लिनुपर्छ । युवालाई विदेश जान रोक्नेभन्दा नेपालमै अवसर सिर्जना गर्ने नीति दिनुपर्छ । सीप विकास, स्टार्टअप, उद्यमशीलता, डिजिटल अर्थतन्त्र, कृषि, पर्यटन,



Scanned with CamScanner

ऊर्जा र सूचना प्रविधिमा रोजगारी सिर्जना गर्ने स्पष्ट कार्यक्रममा लाग्नुपर्छ । युवालाई नीति निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता दिनुपर्छ ।

**तथाकथित विशेष महाधिवेशन र वैधानिकताको विवाद**

नेपाली कांग्रेसभित्र २०८२ फागुन २१ को संसदीय निर्वाचनअगावै नै नियमित महाधिवेशन गर्ने कि निर्वाचनपछि गर्ने भन्ने विषयमा गम्भीर मतभेद उत्पन्न भयो । पार्टीको विधानअनुसार नियमित महाधिवेशन गर्नु लोकतान्त्रिक आवश्यकता हो । संसदीय निर्वाचनको अत्यन्त संवेदनशील समय, पार्टीको संगठनात्मक अवस्था, उम्मेदवार छनौट र निर्वाचन तयारी गर्नुपर्ने अवस्था थियो । मुलुकको परिस्थितिमा आमूल फेरबदल आएपछि र प्रतिनिधिसभा चुनावअघि महाधिवेशनमा जाँदा पार्टीभित्र मतभिन्नता आउन सक्ने अवस्था हुन्छ भनी विश्लेषण भयो । प्रतिनिधिसभा चुनावपछि 'नियमित महाधिवेशन' गर्न सकिने स्थिति हुँदाहुँदै 'विशेष महाधिवेशन'को माग आयो । यद्यपि 'विशेष अधिवेशन' विधानमै भएको व्यवस्था हो । त्यसरी माग आएपछि बसेको नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकले सर्वसम्मति रूपमा 'नियमित महाधिवेशन गराउने' निर्णय भएको हो । १५औं नियमित महाधिवेशन धकेल्दै विशेष महाधिवेशनमा जाँदा पार्टीभित्र अस्थिरता ल्याउन सक्छ भन्ने पार्टीको निष्कर्ष थियो । कांग्रेसको १५औं नियमित महाधिवेशन गर्ने केन्द्रीय समितिकै दायित्व हो । महाधिवेशनका निम्ति मुख्य संरचना क्रियाशील सदस्यता हो । त्यस निम्ति तत्कालीन महामन्त्रीकै अध्यक्षतामा क्रियाशील सदस्यता वितरण-छानविन प्रक्रिया चलेको थियो ।

पार्टीमा चुनिएका प्रतिनिधिमार्फत १५औं महाधिवेशन गरेपछि 'विशेष महाधिवेशन'को आवश्यकता पर्दैन भन्ने निष्कर्ष पार्टीको थियो । त्यहीकारण 'विशेष महाधिवेशन'को माग गर्दै दर्ता भएका प्रस्तावक सदस्यहरूको 'भेरिफिकेसन' प्रक्रिया अघि बढेन ।

विधानतः विशेष अधिवेशन बोलाउने जिम्मा केन्द्रीय समितिको हो । केन्द्रीय समितिले विशेष महाधिवेशन नबोलाएको खण्डमा कानुनी उपचारमा जान सकिन्छ, सम्वन्धित निकाय अर्थात् निर्वाचन आयोग या अदालतबाट विशेष महाधिवेशन बोलाऊ भन्ने निर्देशन आउन सक्थ्यो । तर, विधानकै प्रक्रियाविपरीत कोही पनि व्यक्ति, चाहे त्यो सभापति होस्, चाहे कार्यबाहक सभापति हो, चाहे महामन्त्री नै किन नहुन्, विशेष महाधिवेशन व्यक्तिगत रूपमा बोलाउँदा कुनै पनि संस्थामा 'संगठनात्मक अराजकता' सिर्जना हुन्छ ।



Scanned with CamScanner

किनभने चालीस प्रतिशतले विशेष महाधिवेशन बोलाउने र अर्को चालीस प्रतिशतले अर्को ठाउँमा बोलाउन सक्ने अवस्था रहन्छ । त्यही कारण संगठनात्मक अराजकता सिर्जना हुने गरी विशेष महाधिवेशन बोलाउने अधिकार कुनै पनि पदाधिकारीलाई हुँदैन ।

विशेष महाधिवेशन वैधानिक दृष्टिकोणबाट अवैधानिक थियो । त्यो केन्द्रीय समितिले स्वामित्व लिँदै विशेष महाधिवेशन बोलाएको थिएन । दोस्रो, नियमित महाधिवेशनको मिति तोकिसकेको, केन्द्रीय समितिको कार्यावधि समाप्त भइसकेको अवस्थामा विशेष महाधिवेशनको आवश्यकता रहँदैन । नियमित महाधिवेशनको मिति तोकिसकेपछि समयमै महाधिवेशन गर्नुपर्ने हुन्छ, राजनीतिक गतिरोधको निकास विशेष महाधिवेशन हुँदै होइन । विशेष महाधिवेशनको वैधानिकताका सवालमा सर्वोच्च अदालतबाटै न्यायिक निरूपणका निम्ति 'निस्सा' पाएको अवस्था छ । निर्वाचन आयोगको निर्णय, त्यसपछि डिभिजन बेञ्चको फैसलाविरुद्ध 'पुनरावलोकन' हुँदै छ । प्राकृतिक न्यायको सिद्धान्तअनुरूप सुनुवाइको मौका नदिइकन फैसला गरेको हुँदा 'त्रुटिपूर्ण' ठहर गर्दै 'निस्सा' प्राप्त भएको छ । हामीलाई 'निस्सा' दिँदै गर्दा सुनुवाइको मौका नदिएका 'निर्णय प्रक्रिया'ले वैधानिकता प्राप्त गर्न नसक्ने उल्लेख भएको छ । हामीलाई आशा छ, अदालतबाट न्याय मिल्ने छ । अदालतको निर्णय सबै राजनीतिक दल र नागरिकले सम्मान गर्नुपर्छ । न्यायीक प्रश्नको समाधान कानूनी प्रक्रियाबाटै हुनुपर्छ । तर, पार्टीभित्रको राजनीतिक विवादको स्थायी समाधान अदालतको फैसलाले मात्र गर्न सक्दैन । अब नेपाली कांग्रेसको यो विवादलाई जित-हारको प्रश्नमा सीमित गर्नु हुँदैन । अदालतले कानुनी वैधता निर्धारण गर्न सक्छ; तर राजनीतिक विश्वास, संगठनात्मक एकता र सहकार्य पुनर्निर्माण गर्न राजनीतिक संवाद र सहमति आवश्यक हुन्छ ।

अबको हाम्रो दायित्व भनेको नियमित महाधिवेशनको समय निर्धारण गर्नुपर्ने हुन्छ । महाधिवेशन पार्टीलाई एकताबद्ध र निर्वाचनका लागि सक्षम बनाउने माध्यम हुनुपर्छ; पार्टी विभाजन र ध्रुवीकरण बढाउने कारण बन्नु हुँदैन । कांग्रेसभित्र पनि युवा पुस्तालाई नेतृत्वमा ल्याउने बहस स्वाभाविक र आवश्यक छ । तर पुस्तान्तरणको अर्थ पुरानो पुस्ताको अनुभव र योगदानलाई निषेध गर्नु होइन । पार्टी सभापति शेरबहादुर देउवाले २०८२ असोज २८ गते पूर्णबहादुर खड्कालाई 'कार्यबाहक' हस्तान्तरण गर्दै गर्दा भन्नुभएको कुरा म यहाँ उल्लेख गर्न चाहन्छु । उहाँले भन्नुभएको थियो, "घरमा सधैं एकै जना मुली रहँदैन । पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैन । जहाँसम्म मेरो विषय छ । मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५औं महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत रुपमा हस्तान्त्रण गर्छु भनिसकेको छु । आगामी



Scanned with
CamScanner

१५औं महाधिवेशनबाट मबाहेक अरु कुनै साथी सभापति बन्नु हुनेछ त्यसमा द्विविधा छैन ।"

कांग्रेसको नेतृत्व हस्तान्तरणको विधानतः व्यवस्थामा शेरबहादुर देउवा उभिनु भएकै हो । अनि "पुस्ता हस्तान्तरण भनेको पुस्ता निषेध होइन ।" अनुभव र ऊर्जा, परम्परा र नवीनता तथा इतिहास र भविष्यलाई जोडेर नेतृत्व निर्माण गर्नुपर्छ । पार्टी र लोकतन्त्रका निम्ति जीवन अर्पेका धेरै नेता कांग्रेसमा छन । सबैलाई यथोचित सम्मान गरिनुपर्छ । कांग्रेसले नयाँ पुस्तासँग संवादका लागि औपचारिक तथा अनौपचारिक दुवै संरचना निर्माण गर्नुपर्छ । नेपाली कांग्रेसले वर्तमान संकटका लागि केवल अन्य दल, सरकार, निर्वाचन प्रणाली वा बाह्य परिस्थितिलाई दोष दिएर उम्कन खोज्नु हुँदैन । पार्टीभित्रका कमजोरी, गुटीय संघर्ष, नेतृत्व हस्तान्तरणको समस्या, संगठनात्मक जडता, जनतासँगको दूरी, नीति निर्माणमा कमजोरी र नयाँ पुस्तासँगको अपर्याप्त संवादलाई खुलेर स्वीकार गर्नुपर्छ ।

आत्मसमीक्षा कमजोरी होइन; सुधारको पहिलो आधार हो । कांग्रेसले जनतासँग इमानदारीपूर्वक भन्न सक्नुपर्छ, "हामीले पनि गल्ती गरेका छौं; तर हामी आफ्ना गल्तीबाट सिक्छौं र लोकतन्त्र, संविधान तथा जनताको अधिकारलाई अझ बलियो वनाउने जिम्मेवारीवाट पछि हट्दैनौं ।" यस्तो स्वीकारोक्तिले पार्टीलाई कमजोर होइन, अझ विश्वसनीय वनाउनेछ ।

**संसद्मा प्रतिपक्षको कमजोर उपस्थिति**

आदरणीय साथीहरू,

संसदीय फाँटमा नेपाली कांग्रेसको उपस्थिति र प्रभावकारिता कमजोर छ । सत्ताको छायामा कांग्रेस परेको अनुभूति हुँदै छ । संसद्मा संख्यात्मक रूपमा कमजोर हुनुको अर्थ कांग्रेसको राजनीतिक भूमिका समाप्त हुनु होइन ।

राष्ट्रिय मुद्दामा प्रभावकारी वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्न नसक्नु अझ ठूलो चुनौती हो । प्रमुख प्रतिपक्षका रूपमा कांग्रेसले सरकारका कमजोरीहरू औंल्याउने मात्र होइन, जनतालाई विश्वास दिलाउने वैकल्पिक नीति र कार्यक्रम पनि प्रस्तुत गर्नुपर्छ ।

तर संख्यात्मक कमजोरीसँगै राष्ट्रिय मुद्दामा प्रभावकारी हस्तक्षेप गर्न नसक्ने अवस्था उत्पन्न भयो भने प्रमुख प्रतिपक्षका रूपमा पार्टीको प्रभाव अझ कमजोर हुन्छ ।



Scanned with CamScanner

त्यसअतिरिक्त वामपन्थी दलहरूमा जसरी ध्रुवीकरण बढ्दो छ, त्यसले एकीकृत आकार लिनेबित्तिकै संसद्मा कांग्रेसको प्रतिपक्षसम्मको हैसियत पनि गुम्न सक्ने जोखिम छ ।

संसद् राज्यका अङ्ग-संयन्त्रलाई नियन्त्रण र सन्तुलनमा राख्ने प्रमुख लोकतान्त्रिक संस्था हो । प्रमुख प्रतिपक्षको भूमिका सरकारका हरेक निर्णयको विरोध गर्नु मात्र होइन । सरकारले गरेका सही कामलाई समर्थन गर्ने, गलत काममाथि प्रश्न उठाउने, जनताको आवाज संसद्मा पुर्‍याउने र सरकार असफल हुँदा विश्वसनीय वैकल्पिक नीति प्रस्तुत गर्ने जिम्मेवारी पनि प्रतिपक्षको हो ।
आज कांग्रेसका लागि संसद् पुनः राजनीतिक प्रभाव निर्माण गर्ने महत्वपूर्ण थलो बन्न सक्छ । संख्यामा कम भए पनि यदि कांग्रेसले तथ्यपूर्ण, जिम्मेवार, आक्रामक तर रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न सक्यो भने जनताको विश्वास क्रमशः पुनः प्राप्त गर्न सकिन्छ । यसैले अबको कांग्रेसले एउटा स्पष्ट सिद्धान्त आत्मसात् गर्नुपर्छ– "संख्याले संसद्मा उपस्थिति निर्धारण गर्छ; तर विचार, नीति, तथ्य र जनविश्वासले राजनीतिक प्रभाव निर्धारण गर्छ ।"

**संविधान र लोकतन्त्रको रक्षा**

संविधान र लोकतन्त्रमाथि प्रहार गर्ने 'अभिष्ट' चाहना देखिँदै छन् । त्यसकारण संविधानलाई अझ जोखिममा पारिँदैछ । संविधान निर्माणमा संलग्न दलहरूको पनि विभाजित र कमजोर अवस्था छ । नेपाली कांग्रेसले संविधान निर्माणमा संलग्न पार्टीलाई एक ठाउँमा उभ्याउँदै संविधानको कार्यान्वयनमा सजगता अपनाउनुपर्ने थियो । तर, कांग्रेसको हालको नेतृत्वले दलहरूवीच अविश्वास जन्माएको देखिन्छ, समन्वय-सहकार्य गर्नुको बदलामा । संविधानको रक्षा र समय सन्दर्भअनुरूप सुधार चाहिन्छ नै । संविधानसभाबाट २०७२ सालमा जारी संविधान नेपालको लामो लोकतान्त्रिक संघर्ष, राजनीतिक आन्दोलन, समावेशीकरण र सामाजिक परिवर्तनको महत्त्वपूर्ण उपलब्धि हो । संविधानका आधारभूत मान्यताको रक्षा नेपाली कांग्रेसको प्रमुख राजनीतिक दायित्व हो । तर संविधानको रक्षा गर्नु भनेको संविधानमा कुनै पनि सुधार गर्न नहुने भन्ने होइन । संविधान जीवित राजनीतिक दस्तावेज भएकाले यसको कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक कठिनाइ, संस्थागत कमजोरी र राजनीतिक अनुभवका आधारमा आवश्यक सुधार गर्न सकिन्छ ।

संविधान संशोधन सत्ता समीकरण परिवर्तन गर्ने हतियार वा कुनै दलको तत्कालीन राजनीतिक स्वार्थ पूरा गर्ने 'अभिष्ट' बन्नु हुँदैन । संविधान संशोधनका विषयमा व्यापक



Scanned with CamScanner

राजनीतिक संवाद, नागरिक समाज तथा विज्ञहरूको सहभागिता, प्रदेश र स्थानीय तहको दृष्टिकोण, समावेशिता, संघीयताको प्रभावकारिता र लोकतान्त्रिक मूल्यलाई केन्द्रमा राख्नुपर्छ ।

कांग्रेसले 'संविधानको रक्षा गर्दै आवश्यक सुधार'को नीति लिनुपर्छ । अर्थात् संविधानको मूल लोकतान्त्रिक चरित्र, संघीयता, गणतन्त्र, समावेशिता र मौलिक अधिकारलाई कमजोर नगरी समयअनुकूल सुधार गर्ने बाटो अपनाउनुपर्छ । लोकतन्त्रको रक्षा भनेको केवल संविधान र संस्थाको रक्षा गर्नु मात्र होइन; लोकतन्त्रले नागरिकलाई परिणाम पनि दिन सक्नुपर्छ । लोकतन्त्रले रोजगारी, सुरक्षा, न्याय, सेवा, अवसर र सम्मानको अनुभूति दिन सकेन भने नागरिकमा लोकतान्त्रिक संस्थाप्रतिको विश्वास कमजोर हुन सक्छ । त्यसैले कांग्रेसले "लोकतन्त्र + सुशासन + सामाजिक न्याय + नागरिक स्वतन्त्रता" लाई एकीकृत राजनीतिक अवधारणाका रूपमा अघि बढाउनुपर्छ ।

सुशासनका निम्ति कसरी विश्वसनीय अभियान सञ्चालन गर्ने ? कसरी विदेशिन बाध्य युवालाई नेपालमै भविष्य देखाउने ? र, सबैभन्दा महत्त्वपूर्ण चुनौती भनेको कसरी नेपाली कांग्रेसलाई पुनः नेपाली जनताको भरोसाको लोकतान्त्रिक शक्ति वनाउने ? राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसका लागि सत्ता प्राप्ति अन्तिम लक्ष्य होइन; लोकतन्त्रको संरक्षण, जनविश्वासको पुनर्निर्माण र सुशासनसहितको समृद्ध नेपालको निर्माण नै मूल राजनीतिक लक्ष्य वन्नुपर्छ ।

**परराष्ट्र नीतिः सन्तुलन, स्वाधीनता र राष्ट्रिय हित**

नेपालको भूराजनीतिक अवस्थाका कारण परराष्ट्र नीति अत्यन्त संवेदनशील विषय हो । विश्वको वदलिँदो परिस्थिति, सामरिक स्थितिमा बदलाव आएको छ । दुई ठूला र शक्तिशाली छिमेकी भारत र चीनको बीचमा अवस्थित नेपालले आफ्नो परराष्ट्र सम्वन्धलाई कुनै एक शक्ति राष्ट्रको पक्ष वा विपक्षमा उभिने ढाँचामा होइन, राष्ट्रिय हित, सार्वभौमिकताको रक्षा, समानता, पारस्परिक सम्मान र असंलग्नताको सिद्धान्तमा आधारित बनाएर अघि बढाउनुपर्छ । नेपालको परराष्ट्र नीति तत्कालीन राजनीतिक लोकप्रियता, दलगत स्वार्थ वा भावनात्मक प्रतिक्रियाबाट निर्देशित हुनु हुँदैन ।

नेपालले भारतसँग ऐतिहासिक, सामाजिक, आर्थिक र जनस्तरको गहिरो सम्बन्धलाई विश्वास र पारस्परिक सम्मानका आधारमा अघि बढाउनुपर्छ । त्यसैगरी चीनसँगको आर्थिक, पूर्वाधार, व्यापार तथा कनेक्टिभिटीका सम्भावना पनि नेपालको राष्ट्रिय हितअनुकूल उपयोग गर्नुपर्छ । अमेरिकासँग विकास, शिक्षा, प्रविधि र आर्थिक



Scanned with CamScanner

सहकार्यलाई राष्ट्रिय हितअनुकूल अघि बढाउनुपर्छ । युरोपेली मुलुक तथा अन्य मित्रराष्ट्रसँग पनि विकास साझेदारी, व्यापार, प्रविधि, शिक्षा र लगानीका क्षेत्रमा सम्बन्ध विस्तार गर्नुपर्छ । छिमेकीसँग विश्वास र विश्वसँग सहकार्य नेपालको परराष्ट्र नीतिको आधार हुनुपर्छ । सीमा, व्यापार, पारवहन, ऊर्जा, जलस्रोत, सुरक्षा र विकाससँग सम्बन्धित विषयमा नेपालको राष्ट्रिय हितलाई स्पष्ट रूपमा स्थापित गर्दै संवाद र कूटनीतिक माध्यमबाट समस्या समाधान गर्नुपर्छ । सीमा विवादजस्ता संवेदनशील विषयमा तेस्रो पक्षको भूमिकाभन्दा सम्बन्धित पक्षबीच स्थापित द्विपक्षीय संयन्त्रलाई प्राथमिकता दिनु नेपालको दीर्घकालीन हितमा हुन्छ ।

नेपाली कांग्रेसको परराष्ट्र नीतिको मूल आधार स्पष्ट हुनुपर्छ, “राष्ट्रिय हित पहिलो, भूराजनीतिक सन्तुलन र सबैसँग सौहार्दपूर्ण सम्बन्ध सधैं ।” नेपालको सार्वभौमिकता, स्वतन्त्र निर्णय क्षमता र राष्ट्रिय हितमा कुनै सम्झौता नगरी सबै मित्रराष्ट्रसँग सम्मानजनक र व्यावहारिक सम्बन्ध विकास गर्नुपर्छ । परराष्ट्र नीति सरकार परिवर्तनसँगै बदलिने होइन; राष्ट्रिय सहमतिमा आधारित दीर्घकालीन नीति बन्नुपर्छ । विश्वभर रहेका नेपाली युवाको सीप, पुँजी र ज्ञानलाई नेपालको विकासमा जोड्ने, वैदेशिक लगानी आकर्षित गर्ने, नेपाली उत्पादनका लागि अन्तर्राष्ट्रिय वजार विस्तार गर्ने र नेपालको राष्ट्रिय हितलाई विश्वमञ्चमा प्रभावकारी रूपमा प्रस्तुत गर्ने क्षमता विकास गर्नु अबको परराष्ट्र नीतिको महत्त्वपूर्ण कार्यभार हुनुपर्छ । नेपालको परराष्ट्र नीति राष्ट्रिय हित, सार्वभौमिक समानता, असंलग्नता र पारस्परिक सम्मानमा आधारित हुनुपर्छ । भारत र चीनसँग विश्वास र संवादमा आधारित सम्बन्ध विकास गर्दै अमेरिका, युरोप तथा अन्य मित्रराष्ट्रसँग आर्थिक, प्राविधिक र विकास साझेदारीलाई अघि बढाउनुपर्छ ।

**अबको साझा धारणा र दृष्टिकोण**

आदरणीय साथीहरू,

राष्ट्रिय भेलाले “अबको कांग्रेस कस्तो हुने ?” भन्ने मूल प्रश्नको उत्तर दिनुपर्छ । त्यसैले भेलाले पार्टी संगठन, नेतृत्व, नीति, लोकतन्त्र, सुशासन र राष्ट्रिय राजनीतिबारे साझा राजनीतिक दृष्टिकोण निर्माण गर्नुपर्छ । अबको कांग्रेसले विगतका उपलब्धिको सम्मान गर्दै भविष्यका चुनौतीलाई सम्बोधन गर्ने आधुनिक राजनीतिक पार्टीका रूपमा आफूलाई पुनर्निर्माण गर्नुपर्छ । कांग्रेसको नयाँ राजनीतिक कार्यदिशा लोकतन्त्र, सामाजिक न्याय, सुशासन, आर्थिक अवसर, डिजिटल आधुनिकीकरण, राष्ट्रिय हित र पुस्तावीचको सहकार्यमा आधारित हुनुपर्छ । नेपाली कांग्रेसमा अब नियमित अधिवेशन, पारदर्शी सदस्यता प्रणाली, निष्पक्ष आन्तरिक निर्वाचन, समयमै नेतृत्व हस्तान्तरण र फरक मतको संस्थागत सम्मान सुनिश्चित गर्नुपर्छ । पार्टीका महत्वपूर्ण नीतिगत निर्णयमा केन्द्रीय तह मात्र होइन, प्रदेश, जिल्ला, स्थानीय तह र जनप्रतिनिधिको समेत संस्थागत



Scanned with CamScanner

सहभागिता हुनुपर्छ । कांग्रेसभित्र लोकतन्त्रको भाषण गर्ने मात्र होइन, लोकतन्त्र अभ्यास गर्ने पार्टी बन्नुपर्छ ।

**नेतृत्वमा सामूहिकता**

नेपाली कांग्रेसलाई कुनै एक व्यक्ति, परिवार, समूह वा गुटको प्रभावमा सीमित राख्ने राजनीतिक संस्कारबाट माथि उठ्नुपर्छ । पार्टीको नेतृत्व व्यक्तिको लोकप्रियता वा व्यक्तिगत सम्बन्धभन्दा संस्थागत निर्णय प्रक्रियामा आधारित हुनुपर्छ ।

सभापति, पदाधिकारी वा कुनै नेताको भूमिका महत्त्वपूर्ण भए पनि पार्टीको राजनीतिक दिशा सामूहिक संस्थागत प्रक्रियाबाट तय हुनुपर्छ । यसका लागि संसदीय दल, केन्द्रीय समिति, नीति तथा अनुसन्धान संरचना, प्रदेश र जिल्ला संगठनलाई प्रभावकारी बनाउनुपर्छ । निर्णय व्यक्ति वा सीमित समूहको इच्छाबाट होइन, विधि, विधान र संस्थाबाट हुनुपर्छ ।

**नीति केन्द्रित कांग्रेस**

कांग्रेसको राजनीतिक पुनर्निर्माण केवल नेतृत्व परिवर्तनबाट सम्भव हुँदैन । पार्टीसँग स्पष्ट नीति, कार्यक्रम र भविष्यको राष्ट्रिय दृष्टिकोण हुनुपर्छ । अब कांग्रेसले प्रत्येक राष्ट्रिय समस्यामा वैकल्पिक नीति प्रस्तुत गर्ने पार्टी बन्नुपर्छ । कांग्रेसको नयाँ पहिचान "लोकतन्त्र + सामाजिक न्याय + आर्थिक उदारता + सुशासन + डिजिटल आधुनिकीकरण + राष्ट्रिय हित" को संयोजनबाट निर्माण गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग, डिजिटल अर्थतन्त्र, एआई, जलवायु परिवर्तन, संघीयता र सामाजिक सुरक्षामा कांग्रेसले दीर्घकालीन नीति प्रस्तुत गर्नुपर्छ ।

**राष्ट्रिय भेलाबाट पारित गर्नुपर्ने सम्भावित साझा राजनीतिक संकल्प**

राष्ट्रिय भेलाले वर्तमान राजनीतिक परिस्थितिको विश्लेषणपछि कार्यान्वयनयोग्य राजनीतिक संकल्प पारित गर्नुपर्छ । प्रस्तावित संकल्पलाई केवल घोषणापत्रका रूपमा होइन, आगामी राजनीतिक कार्ययोजनाका रूपमा अघि बढाउनुपर्छ ।

**संविधानको रक्षा:** नेपाली कांग्रेसले संघीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र, मौलिक अधिकार, समावेशिता, स्वतन्त्र न्यायपालिका र संवैधानिक संस्थाको संरक्षणलाई आफ्नो आधारभूत राजनीतिक दायित्वका रूपमा स्वीकार गर्नुपर्छ । संविधानका मूल लोकतान्त्रिक मूल्य कमजोर पार्ने कुनै पनि गैरसंवैधानिक वा अधिनायकवादी प्रयासको कांग्रेसले दृढतापूर्वक प्रतिरोध गर्नुपर्छ ।



Scanned with CamScanner

संविधानलाई स्थिर र प्रभावकारी बनाउन आवश्यक सुधारको ढोका खुला राख्नुपर्छ। तर संशोधन कुनै दल वा सरकारको तत्कालीन राजनीतिक स्वार्थका आधारमा होइन, राष्ट्रिय सहमति, व्यापक संवाद, संवैधानिक प्रक्रिया, समावेशिता र संघीय लोकतन्त्रको मूल भावनाका आधारमा हुनुपर्छ।

**पार्टी एकता :** आज नेपाली कांग्रेसको पहिलो आवश्यकता पार्टी विभाजन रोक्नु र संगठनात्मक एकता कायम गर्नु हो। पार्टीभित्र मतभेद हुनु लोकतान्त्रिक पार्टीका लागि अस्वाभाविक होइन। तर मतभेदलाई शत्रुता, गुटीय निषेध र संगठन कब्जाको माध्यम बनाइयो भने त्यसले पार्टीको संस्थागत अस्तित्वमै संकट उत्पन्न गर्छ। त्यसैले कांग्रेसमा एकता भनेको सबैले एउटै विचार राख्नुपर्ने अवस्था होइन। एकता भनेको फरक विचारसहित सँगै काम गर्ने लोकतान्त्रिक क्षमता हो। व्यक्ति वा समूहप्रतिको निष्ठाभन्दा पार्टीको संस्थागत हित माथि हुनुपर्छ। कांग्रेसले स्पष्ट रूपमा स्वीकार गर्नुपर्छ, "एकता + आन्तरिक लोकतन्त्र + फरक विचारको सम्मान = बलियो कांग्रेस।" प्रेस तथा नागरिक स्वतन्त्रता: प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, नागरिक समाज, संघसंस्था, डिजिटल अधिकार तथा शान्तिपूर्ण सभा-प्रदर्शनको संवैधानिक अधिकारको संरक्षण गर्नुपर्छ। राज्यको आलोचनालाई लोकतन्त्रविरोधी गतिविधि मान्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ।

**आधुनिक कांग्रेसको यात्रामा**

सवैभन्दा महत्त्वपूर्ण संकल्प कांग्रेसलाई परम्परागत चुनावी पार्टीबाट आधुनिक, लोकतान्त्रिक, नीति-आधारित र जनतासँग निरन्तर जोडिएको पार्टीमा रूपान्तरण गर्ने हुनुपर्छ। पार्टीको संगठन डिजिटल, निर्णय प्रक्रिया पारदर्शी, नीति अनुसन्धानमा आधारित र जनतासँगको सम्वन्ध निरन्तर कायम रहनु पर्छ।

युवालाई केवल चुनावी प्रचार, सामाजिक सञ्जाल सञ्चालन वा सडक प्रदर्शनका लागि प्रयोग गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ। युवा पार्टीको नीति निर्माण, नेतृत्व विकास र निर्णय प्रक्रियाको वास्तविक साझेदार बन्नुपर्छ। केन्द्रीय समिति, प्रदेश, जिल्ला तथा स्थानीय तहका संरचनामा युवाको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक छ। तर पुस्तान्तरण भनेको पुरानो पुस्ताको निषेध होइन, पुस्ताबीचको सहकार्य हो।

पार्टी चुनावको समयमा मात्र गाउँ, टोल र नागरिककहाँ पुग्ने संगठन हुनु हुँदैन। निर्वाचनपछि पनि जनताको समस्या सुन्ने, नीति निर्माणमा जोड्ने र स्थानीय तहमा निरन्तर सामाजिक संवाद गर्ने संगठनात्मक प्रणाली विकास गर्नुपर्छ। कांग्रेसको जनतासँगको सम्बन्ध पाँच वर्षमा एकपटक होइन, हरेक दिन हुनुपर्छ। डिजिटल युगमा



Scanned with CamScanner

कांग्रेसको संगठन पनि डिजिटल हुनुपर्छ । सदस्यता, प्रशिक्षण, नीति बहस, संगठनात्मक सूचना, जनगुनासो र जनसम्पर्कलाई डिजिटल माध्यमसँग जोड्नुपर्छ । सामाजिक सञ्जाललाई केवल प्रचारको माध्यम होइन, जनताको कुरा सुन्ने र नीति निर्माणका लागि प्रतिक्रिया प्राप्त गर्ने माध्यमका रूपमा प्रयोग गर्नुपर्छ ।

**अन्त्यमा**

आदरणीय पार्टीका साथीहरू,

नेपाली कांग्रेस संकटबाट भाग्ने इतिहास बोकेको पार्टी होइन; संकटलाई राजनीतिक पुनर्निर्माणको अवसरमा बदल्ने इतिहास बोकेको पार्टी हो । नेपालको लोकतान्त्रिक आन्दोलनमा कांग्रेसले खेलेको भूमिका, संविधान निर्माणमा गरेको योगदान र लोकतान्त्रिक मूल्यप्रतिको यसको ऐतिहासिक प्रतिवद्धता आज पनि यसको महत्वपूर्ण राजनीतिक पुँजी हो । यही पुँजीलाई नयाँ पुस्ताको आकांक्षा, प्रविधि, आधुनिक शासन र नयाँ आर्थिक सम्भावनासँग जोडेर कांग्रेसले आफूलाई पुनः परिभाषित गर्नुपर्छ ।

जन्मकालदेखि निरन्तर लोकतन्त्रको पक्षमा अटूट तवरले संघर्ष गर्दै, वलिदान दिँदै र जसरी लोकरिझ्याइँ र अतिवादी दक्षिणपन्थी सोच मौलाउँदै छ, कांग्रेसले आफूलाई मध्यमार्गमा राख्दै मुलुकमा लोकतान्त्रिक संस्कृतिको जग बसाउनै पर्छ । त्यस निम्ति पहिलो त कांग्रेसमा दरिलो एकता चाहिन्छ । पार्टीभित्र 'असहिष्णु चरित्र' प्रदर्शन गर्ने होइन कि बृहद् एकता कायम गर्दै लोकतान्त्रिक माहोल सिर्जना गरिनु अपरिहार्य भएको छ । अब कांग्रेसले जनतालाई केवल सत्ता प्राप्त गर्ने वाचा होइन, सुशासन दिने प्रतिवद्धता दिनुपर्छ । युवालाई विदेश जान हौस्याउने भाषण होइन, नेपालमै भविष्य निर्माण गर्ने अवसर दिनुपर्छ । फरक विचारलाई निषेध होइन, बहुलवाद, संवाद र लोकतान्त्रिक सहअस्तित्वको संस्कार विकास गर्नुपर्छ ।

राष्ट्रिय भेलाको मूल राजनीतिक सन्देशका रूपमा "कांग्रेस विभाजन होइन, पुनर्निर्माणतर्फ; सत्ता होइन, जनतातर्फ; अतीतमा होइन, भविष्यतर्फ" लाई लिन सकिन्छ । कांग्रेसले आफूलाई पुनः लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको वलियो शक्तिका रूपमा स्थापित गर्न सकेमात्र राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्शलाई व्यवहारमा उतार्न सक्दछ ।

अतः नेपाली कांग्रेसको पुनर्जागरण कुनै व्यक्तिको विजय वा अर्को व्यक्तिको पराजयबाट हुने होइन । विचारको पुनर्जागरण, संस्थाको पुनर्निर्माण, नेतृत्वको लोकतान्त्रीकरण र जनतासँगको विश्वासको पुनर्स्थापनाबाट मात्र कांग्रेसको वास्तविक पुनर्जागरण सम्भव



Scanned with CamScanner

हुनेछ । यही राष्ट्रिय भेलाको सबैभन्दा ठूलो ऐतिहासिक जिम्मेवारी हो । धन्यवाद ! जयनेपाल ।



Scanned with CamScanner